सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

## ***कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट आज भएका गतिविधिहरु***

***मिति २०७७/१/१२ गते***





राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट आउनुभएका प्रयोगशाला विज्ञ सहितको टोलीले पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालाको अवलोकन गरेको छ । टोलीमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाका प्रयोगशाला प्राविधिकहरु उपस्थित हुनुहुन्थ्यो । यसैगरी सोही टोलीले स्वास्थ्य निर्देशनालयका निर्देशकज्यूसंग समेत भेटघाट गरि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रहेको प्रयोगशालामा स्थापित पी.सी.आर मेसिन बाट भैरहेको कोभिड-१९ को परिक्षण मा देखिएका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरूबारे जानकारी दिनुभएको थियो ।





यसैगरी आज गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यूको कार्यकक्षमा कोभिड - १९ का गण्डकी प्रदेशका प्रवक्ता तथा स्वास्थ्य निर्देशकज्यू समेतको बैठकमा प्रदेश सरकारले कोभिड-१९ नियन्त्रण, रोकथाम र व्यवस्थापनका लागि गरेका विभिन्न प्रयासहरुको बारेमा पूर्व प्रधानमन्त्री माधवकुमार नेपालज्यू सहितका नेताहरुलाई ब्रिफिंग गरिएको थियो ।

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४



माननीय सामाजिक विकास मन्त्रीज्यू, सामाजिक विकास मन्त्रालयका सचिवज्यू, स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू, प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशकज्यू, सामाजीक विकास मन्त्रालयका महाशाखा प्रमुखज्यूहरु, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निमित्त निर्देशकज्यू सम्मिलित बैठकले खोप सेवा संचालन गर्नका लागि मास्क, पन्जा र स्यानीटाईजर अनिवार्य रुपमा प्रयोग गर्नुपर्ने र सो को उपलब्धताको लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रलाई अनुरोध गर्ने निर्णय भयो। त्यसैगरी RDT र PCR परिणाम नेगेटिभ आए पनि विदेशबाट आएकालाई अनिवार्य क्वारेन्टाइन बस्नुपर्ने समेत् बैठकले निर्णय गरेको छ।



आज नै स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यूले गण्डकी प्रदेशमा रहेका विभिन्न साझेदार संस्थासंग भिडियो कन्फ्रेन्स बैठक गर्नुभएको छ। बैठकमा विभिन्न साझेदार संस्थाले कोभिड - १९ सम्बन्धि गतिविधिमा गरिरहेको सहयोग र आगामी कार्ययोजनाको बारेमा छलफल भएको थियो। अबदेखि हरेक हप्ताको शुक्रबार यो बैठकलाई निरन्तरता दिने निर्णय भएको छ। बैठकमा संयुक्त राष्ट्रसंघका विभिन्न एजेन्सी लगायत अन्य गैर सरकारी संस्थाहरुको सहभागिता रहेको थियो।



गण्डकी प्रदेशस्थित पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालामा गरिने कोभिड-१९ परिक्षण र यसको परिणाम सम्बन्धि सूचना र जानकारी अब अनलाइन सफ्टवेयर प्रणालीबाट व्यवस्थापन गरिने भएको छ। प्रदेश जनस्वास्थ्य प्रयोगशालाले निर्माण गरेको यस सफ्टवेयरले PCR परिक्षणको लागि संकलन गरिने नमुना र यसको परिणाम सम्बन्धि जानकारी अब अनलाइन सूचना व्यवस्थापन प्रणालीबाट गरिने भएको हो।

**साबुन पानीले हात मिचीमिची धोऔं।**

**मास्क र स्यानीटाईजर को प्रयोग गरौं।**

**लक डाउनको बेला घरमै बस्नुहोस। अत्यावश्यक काम बाहेक बाहिर ननिस्कनुहोस। सामाजिक दरी कायम राख्नुहोस।**

Website: http://hd.gandaki.gov.np/ Email Address: hd.gandaki@gmail.com

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०
PHEOC: ०६१-५२४०७४

गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR र RDT समेत) सम्बन्धि बैशाख १२ गते (४ बजे सम्म )
जिल्लास्थित स्वास्थ्य कार्यालयहरुले पठाएको तथ्यांकको आधारमा प्राप्त विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइन मा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | RDT किटबाट गरिएको परिक्षण | संकलित नमुना (PCR) | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | | | |
| कास्की | 12 | 401 | 0 | 96 | 5 | 227 | 11 | - | 348 | 724 | 179 | 159 | 0 | 20 |
| स्यांग्जा | 22 | 388 | 55 | 34 | - | 50332 | 11 | - | 601 | 528 | 102 | 102 | 0 | 0 |
| तनहुँ | 31 | 181 | 1 | 550 | 6 | - | 42 | 1 | 802 | 563 | 16 | 16 | 0 | 0 |
| लमजुङ | 73 | 1005 | 41 | 63 | 4 | 858 | 5 | - | 188 | 204 | 53 | 53 | 0 | 0 |
| गोरखा | 42 | 334 | 6 | 193 | 71 | 483 | 27 | 0 | 397 | 629 | 9 | 9 | 0 | 0 |
| पर्वत | 11 | 375 | 21 | 185 | - | 326 | 20 | 0 | 316 | 365 | 73 | 73 | 0 | 0 |
| म्याग्दी | 16 | 125 | 24 | 91 | - | - | 6 | 0 | 138 | 154 | 15 | 15 | 0 | 0 |
| बाग्लुङ्ग | 32 | 251 | 6 | 811 | 13 | 17171 | 16 | 1 | 836 | 1118 | 67 | 65 | 2 | 0 |
| नवलपुर | 24 | 755 | 66 | 48 | - | - | 24 | - | 560 | 529 | 47 | 45 | 0 | 2 |
| मनाङ्ग | 7 | 61 | 12 | 0 | 5 | 46 | 7 | - | 3 | 21 | 3 | 3 | 0 | 0 |
| मुस्ताङ्ग | 15 | 96 | 2 | - | 4 | - | 10 | - | 25 | 36 | 0 | 0 | 0 | 0 |
| **जम्मा** | 285 | 3972 | 234 | 2071 | 95 | 69443 | 179 | 2 | 4214 | 4871 | 564 | 540 | 2 | 22 |

नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा

**घरमै बसौं, सुरक्षित रहौं**